**राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धि कार्यविधि, २०८०**

राजर्षिजनक विश्वविद्यालयको कार्यकारी परिषद् बाट विश्वविद्यालयको डीन नियुक्ति गर्ने प्रयोजनका लागि रा.ज.वि. संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को परिच्छेद – १४ को दफा १०० (संसोधन, सातौ सभा) तथा निर्देशक नियुक्ति गर्ने प्रयोजनका लागि रा.ज.वि. संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को परिच्छेद – १६ को दफा ११४ (संसोधन, सातौ सभा) बमोजिम गठित सिफारिस समितिको बैठक व्यवस्थापन र उम्मेदवार छनौट तथा सिफारिस सम्बन्धि कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले, राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागु गरेको छ |

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “ राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धि कार्यविधि, २०८०” रहेको छ |

(२) यो कार्यविधि समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ |

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा :

(क)“ उम्मेदवार भन्नाले राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ |

(ख) “समिति भन्नाले राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ |

३. **बैठक सम्बन्धि कार्यविधि** : (१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ |

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ |

(३) समितिको बैठक गणपूरक संख्याको लागि समितिको संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ |

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ |

(५) समितिको निर्णय संयोजकको हस्ताक्षर पछी प्रमाणित भएको मानिनेछ |

(६) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ |

४. **न्युनतम योग्यता** : यस कार्यविधि वमोजिम राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि उम्मेदवारको न्युनतम योग्यता देहाय वमोजिम हुनेछ :

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षाको क्षेत्रमा प्राध्यापक वा सह प्राध्यापक पदमा रही काम गरेको,

(ग) नेपाली नागरिक भएको |

**द्रष्टव्य** : अनुसन्धान केन्द्रको निर्देशकको हकमा न्युनतम योग्यता देहाय वमोजिम हुनेछ:

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरी अनुसन्धान कार्यमा कम्तिमा २ वर्षको अनुभव प्राप्त गरेका वा यस विश्वविद्यालय वा अन्य विश्वविद्यालयमा कार्यरत विद्यावारिधी प्राप्त प्राध्यापक वा सह प्राध्यापकहरु |

(ख) नेपाली नागरिक भएको |

५. **<u>सूचना प्रकाशन गर्ने</u>** : राजर्षिजनक विश्वविद्यालयको डीन तथा निर्देशक नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ |

६. **<u>दरखास्त साथ पेश गर्नु पर्ने कागजात</u>** : उम्मेदवारले **निवेदन** साथ देहायका विवरण तथा प्रमाणित कागजातहरु समावेश गर्नु पर्ने छ :

(क) व्यक्तिक विवरण,

(ख) स्नातकोत्तर तथा विद्यावारिधि तहको शैक्षिक योग्यता प्रमाणपत्र,

(ग) प्राध्यापक वा सह प्राध्यापक पदमा नियुक्ति भएको नियुक्ति पत्र तथा सो पदमा सेवा गरेको वर्ष, महिना र दिन खुलेको विवरण तथा प्रमाण,

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको विवरण तथा प्रमाण,

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका पियर रिभ्युड जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेखहरुको विवरण तथा उक्त लेखहरुको प्रतिलिपि,

(च) बढीमा ३००० शब्द रहेको विश्वविद्यालयको सम्बन्धित संकाय सम्बन्धि सोचपत्र ( Vision Paper) र ३००० शब्द भित्रको चार वर्षे व्यवसायिक कार्ययोजना (Professional work Plan),

(छ) नियुक्तिका लागी अयोग्य नभएको र विश्वविद्यालयसँग कुनै संस्थागत स्वार्थ नबाझिएको व्यहोरा खुलेको स्वघोसना पत्र,

(ज) नागरिकताको प्रमाणपत्र |

७. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>** : (१) दरखास्तका लागि प्रकाशित सूचनामा तोकिएका कागजात तथा दरखास्तका लागि तोकिएको स्थान र प्रक्रिया बमोजिम प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारहरुलाई छनौट प्रक्रियाका लागि सूचिकृत गरिनेछ |

(२) न्युनतम योग्यता पूरा नगरेको वा गलत तथा झूठा कागजात पेश गरेको पाईएमा समितिले कुनै पनि चरणबाट त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ |

८. **<u>छनौट विधि</u>** : उम्मेदवारले पेश गरेको योग्यता तथा विश्वविद्यालय सम्बन्धि सोचपत्र ( Vision Paper) र चार वर्षे व्यवसायिक कार्ययोजना (Professional work Plan) र प्रस्तुति तथा अन्तर्वार्ता वापतको मूल्यांकन देहायको आधारमा गरिनेछ |

| न्युनतम योग्यता | अधिकतम अंकभार | अंक विभाजन |
|---|---|---|
| (क) प्राध्यापक पदमा कार्य अनुभव वापत | | पन्ध्र | उच्च शिक्षाको क्षेत्रमा प्राध्यापन गरे वापत<br>• प्राध्यापक पदमा कार्य गरेको |

| | | |
|---|---|---|
| | | प्रति वर्ष तिन अंकका दरले,<br>• सहप्राध्यापक पदमा कार्य गरेको प्रति वर्ष दुई अंकका दरले |
| (ख) विश्वविद्यालयको डीन, सहायक डीन, विभागको प्रमुख जस्ता व्यवस्थापकीय तथा शैक्षिक प्रशासन सम्बद्ध पद मध्ये कुनै एक पदमा कम्तिमा एक वर्ष काम गरेको<br>***स्पष्टिकरण*** : व्यवस्थापकिय तथा शैक्षिक प्रशासन सम्बद्ध पद भन्नाले विश्वविद्यालय वा अन्तर्गतका शिक्षण संस्थाले गठन गरेका विषय समिति वा विद्यापरिषद् वा कार्यकारी समिति वा अनुसन्धान समिति वा प्रशासनिक वा शैक्षिक समितिका अध्यक्ष वा उपाध्यक्ष वा सदस्य पदाधिकारी जनाउनेछ \| | पाँच | |
| (ग) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको | दस | प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेवापत<br>• प्रमुख अनुसन्धान कर्ता भए प्रति परियोजना पाँच(५) अंकका दरले अधिकतम दस अंक \|<br>• अनुसन्धान टोलि सदस्यका रुपमा कार्य गरेको भए प्रति परियोजना पाँच(५) अंकमा दामासाहिले हुन आउने अंक प्रदान गरिने \| |
| (घ) राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका पियर रिभ्युड जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत | पन्ध्र | (क) पियर रिभ्युड, इन्डेक्स (Q1, Q2, Q3, Q4) जर्नल लेख प्रकाशन गरे वापत अधिकतम दस अंक<br>(प्रमुख अनुसन्धान कर्ता भए प्रति प्रकाशन दुई अंक र सह प्रकाशक भए प्रति प्रकाशन दुई अंकमा दामासाहिले हुन आउने अंक प्रदान गरिने )<br>***स्पष्टिकरण :*** पाँचवटा भन्दा पछिका |

| | | |
|---|---|---|
| | | प्रकाशनका लागि खण्ड (ख) बमोजिम अंक प्रदान गरिनेछ ।<br>(ख) पियर रिभ्युड भएको र इन्टरनेशनल स्ट्याण्डर्ड सिरियल नम्बर प्राप्त अन्य जर्नलमा प्रकाशन गरे वापत अधिकतम पाँच अंक ।<br>( प्रमुख अनुसन्धान कर्ता भए प्रति प्रकाशन एक अंक र सहप्रकाशक भए प्रति प्रकाशन शून्य दशमलव पाँच अंक) |
| राजर्षिजनक विश्वविद्यालयमा कार्यरत शिक्षकको हक मा | पाँच | प्रति वर्ष एक अंकका दरले |
| (ङ) विश्वविद्यालय सम्बन्धित संकाय सम्बन्धि सोचपत्र ( Vision Paper) र चार वर्षे व्यवसायिक कार्ययोजना (Professional work Plan) वापत | पच्चीस | विज्ञबाट मुल्यांकन भएका आधारमा बढीमा पच्चीस अंक । |
| (च) प्रस्तुति र अन्तर्वार्ता | पच्चीस | समितिबाट प्रदत्त औसत अंकका आधारमा प्राप्तांक निर्धारण हुने । |

९. **उम्मेदवारहरुको अल्पसूची** : दफा ८ को खण्ड (क देखि ङ) बमोजिमका क्षेत्रमा उच्चतम अंक प्राप्त गर्ने कम्तिमा तिनजना उम्मेदवारलाई अल्पसूची ( Short list) मा राख्न सकिनेछ ।

१०. **प्रस्तुति तथा अन्तर्वार्ता** : दफा ९ बमोजिम कायम भएको अल्पसूची ( Short list) मा रहेका उम्मेदवारलाई सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ को खण्ड (च) बमोजिम प्रस्तुति र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ । यस्तो प्रस्तुति र अन्तर्वार्ता कार्यक्रममा पूर्वसूचना बमोजिम अनुपस्थित हुने उम्मेदवारलाई पुनः प्रस्तुति र अन्तर्वार्ताका लागि आमन्त्रण गरिने छैन ।

११. **उपसमिति गठन तथा सेवा लिन सक्ने** : उम्मेदवार छनौट तथा सिफारिस गर्दा समितिले आवश्यक ठानेका कार्यमा उपसमिति गठन गरी सहयोग लिन वा विज्ञ वा कर्मचारीबाट सेवा लिन सक्नेछ ।

१२. **नाम सिफारिस** : समितिले संक्षिप्त प्रतिवेदन सहित डीन तथा निर्देशक पदमा नियुक्तिको लागि ३ जना उम्मेदवारको नाम विश्वविद्यालय कार्यकारी परिषद् समक्ष सिफारिस गर्नेछ ।

१३. **खर्च सम्बन्धि व्यवस्था** : समिति तथा उपसमितिको बैठक र अन्य खर्च तोकिए बमोजिम राजर्षिजनक विश्वविद्यालयबाट भुक्तानी हुनेछ ।

१४. **कागजपत्रको संरक्षण** : समितिले सिफारिसको कार्य सम्पन गरी सकेपछी सिफारिस सम्बन्धि सम्पूर्ण कागजातहरु राजर्षिजनक विश्वविद्यालयमा सुरक्षित राखिनेछ ।